# 'लामिछानेप्रति पूर्वाग्रह छैन'




तस्बिर : बसन्त पराजुली

**नेपाल पत्रकार महासङ्घ चितवनका पूर्वअध्यक्ष महेन्द्र श्रेष्ठद्वारा आयोजित चाडपर्वलक्षित शुभकामना कार्यक्रममा सहभागिता जनाउँदै नेपाली कांग्रेसका नेता डा. प्रकाशशरण महत ।**

**नारायणगढ समाचारदाता**
*नारायणगढ, कात्तिक २२ गते*

नेपाली कांग्रेसका नेता तथा पूर्वपरराष्ट्रमन्त्री डा. प्रकाशशरण महतले संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपतिमा निर्वाचित हुँदा त्यसले नेपालको नीतिमा कुनै फरक नपार्ने बताउनुभएको छ। भरतपुर विमानस्थलमा बिहीबार पत्रकारहरूसँग कुराकानी गर्दै नेता महतले अमेरिकी सरकारमा जो आए पनि नेपाललाई त्यसले कुनै फरक नपर्ने स्पष्ट पार्नुभयो।

"अमेरिकी सरकारमा जो आए पनि नेपालको नीति र नेपाल-अमेरिका सम्बन्धमा कुनै फरक पर्दैन," उहाँको भनाइ छ। अमेरिकामा ट्रम्पको दोस्रो पटकको उदयले युक्रेन र रुसबिचको युद्ध रोकिने विश्वास पनि उहाँले गर्नुभयो। "ट्रम्पले युक्रेन र रुसको वार रोक्छु भनेर आउनुभएको छ। यदि उहाँ यो काममा सफल हुनुभयो भने विश्वमा शान्ति स्थापनामा ठुलो सहयोग पुग्ने छ," उहाँको भनाइ थियो। युक्रेन र रुसको युद्ध रोकियो भने यसले नेपाल जस्ता देशलाई पनि सहयोग पुग्ने उहाँको भनाइ छ।

उहाँले अहिले सहकारी ठगीको मुद्दा खेपिरहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेप्रति आफूहरूको व्यक्तिगत पूर्वाग्रह नभएको स्पष्ट पार्नुभयो। "जुन पूर्वाग्रह भयो भनेर कांग्रेसमाथि भनिएको छ, त्यो मिथ्या आरोप हो। यो भ्रम फैलाउने कुरा हो। कुनै पनि अपराधको अनुसन्धानमा जोकोही तानिन्छ, त्यो प्रक्रियामा जाने कुरा हो। त्यसको जवाफ दिने दायित्व स्वयम् व्यक्तिको हुन आउँछ," उहाँले भन्नुभयो। कांग्रेसका कुनै नेता तथा कार्यकर्ता अनुसन्धानमा परे भने पनि आफूहरू त्यसलाई बचाउन नलाग्ने बताउनुभयो।

उहाँले सरकार सञ्चालनका लागि गठन गरिएको संयन्त्र सरकारको कामकारबाही समन्वयका साथ विश्वासका साथ अगाडि बढाउनका लागि भएको बताउनुभयो। यसैबिच कांग्रेस नेता महतले पार्टी बलियो नबनाई कार्यकर्ताको सुरक्षा नहुने बताउनुभयो। नेपाल पत्रकार महासङ्घ चितवनका पूर्वअध्यक्ष महेन्द्र श्रेष्ठको आयोजनामा बिहीबार सम्पन्न चाडबाडकेन्द्रित शुभकामना कार्यक्रममा बोल्दै नेता महतले आफ्ना विचार र काम यथार्थको धरातलमा बसेर सार्वजनिक गर्दै जानुपर्ने धारणा राख्नुभयो। उहाँले व्यक्तिगत, पक्षविपक्ष र गुटउपगुट त्यागेर सङ्गठन गर्न सबैलाई अनुरोध गर्नुभयो। नेता महतले पत्रकार श्रेष्ठ र उहाँका बुवा बाबुराम श्रेष्ठले कांग्रेसमा पुऱ्याउनुभएको योगदानको चर्चा गर्नुभयो। कार्यक्रममा बागमती प्रदेश सरकारका पूर्वमन्त्रीद्वय मिलनबाबु श्रेष्ठ र उत्तम जोशीलगायतले बोल्नुभएको थियो।

# प्रदेशमै आएन विपत्‌बाट भएको क्षतिको विवरण

**मकवानपुर समाचारदाता**
*हेटौँडा, कात्तिक २२ गते*

गत असोजको दोस्रो साता अविरल वर्षापछि आएको बाढीपहिरोबाट धेरै क्षति भएको बागमती प्रदेशका विभिन्न जिल्लामा विपत्‌बाट भएको धनजनको क्षतिको विवरण अझै बागमती प्रदेश सरकारसमक्ष पुग्न सकेको छैन। बाढीपहिरो गएर क्षति भएको एक महिनाभन्दा बढी भइसक्दा पनि प्रदेशमा विपत् हेर्ने जिम्मेवारी पाएको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा जिल्लाहरूबाट क्षतिको विवरण उपलब्ध नभएको हो।

प्रदेशका १३ जिल्लामध्ये दुई वटा जिल्लाबाट मात्र बाढीपहिरो भएको विवरण प्राप्त भएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका सूचना अधिकारी बविता कार्कीले दोलखा र धादिङ जिल्लाबाट मात्र क्षतिको प्रारम्भिक विवरण प्राप्त भएको जानकारी दिनुभयो। उहाँले विवरणका लागि जिल्ला प्रशासन कार्यालयलाई ताकिता गर्दासमेत सीमित जिल्लाबाट मात्र विवरण प्राप्त भएको र कतिपय स्थानीय तहले विवरण पठाएको भन्दै क्षतिको विवरण सिधै गृह मन्त्रालयलगायतका निकायमा उपलब्ध गराएर यहाँ नपठाउँदा विपत्पछिको कार्यसम्पादनमा समस्या भएको बताउनुभयो।

उहाँले क्षतिको विवरण उपलब्ध नभएपछि विपत्सम्बन्धी पोर्टलबाट समेत तान्ने काम भएको बताउँदै पुनः जिल्लाहरूलाई पत्राचार गरी उपलब्ध गराउन ताकिता गरिने र उपलब्ध भएपछि विवरण एकीकृत गरी विपत्पछिको पुनर्निर्माणका कामलाई अगाडि बढाउन सहज हुने बताउनुभयो। प्रदेश सरकारले बाढीपहिरोपछि उद्धार, खोजी,



राहतलगायतका कार्यका लागि जिल्ला प्रशासन कार्यालय र स्थानीय तहलाई सहयोग रकम निकासा गरेको छ।

यस्तै प्रदेशका १३ वटै जिल्ला विपत् व्यवस्थापन समितिलाई पाँच/पाँच लाख रुपियाँ बाढीपहिरोपछि उद्धार, खोजीलगायतका कार्यका लागि र नौ वटा जिल्लालाई मृतकका परिवारलाई राहत वितरण गर्ने गरी प्रदेश सरकारले राहत रकम उपलब्ध गराएको छ।

काभ्रेपलाञ्चोक जिल्लालाई ६० लाख, ललितपुर जिल्लालाई ३० लाख, काठमाडौँ र सिन्धुपाल्चोकलाई २०/२० लाख तथा दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर र भक्तपुर जिल्लामा १०/१० लाख रुपियाँ जिल्ला विपत् व्यवस्थापन कोषमा निकासा गरी राहत वितरण गरिएको मन्त्रालयले जनाएको छ।

प्रदेश सरकारले विपत् अति प्रभावित ४५ जिल्लालाई बाढीपहिरोबाट भएको क्षति र जोखिमका आधारमा तीन वर्गमा विभाजन गरी राहत उपलब्ध गराउन स्थानीय तहलाई पाँच करोड ८० लाख रुपियाँ निकासा गरेको थियो।

सात वटा पालिकालाई २० लाखका दरले एक करोड ४० लाख, १२ वटा पालिकालाई १५ लाखका दरले एक करोड ८० लाख र २६ पालिकालाई १० लाखका दरले दुई करोड ६० लाख रुपियाँ राहत रकम उपलब्ध गराइएको थियो।

### थप राहत रकम निकासा

सङ्घीय सरकारले विपत् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको बागमती प्रदेशका काभ्रेपलाञ्चोक, सिन्धुली, ललितपुर र मकवानपुरका नौ स्थानीय तहलाई बागमती प्रदेश सरकारले थप राहत रकम प्रदान गरेको छ।

विपत् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका स्थानीय तहमध्ये काभ्रेपलाञ्चोकको रोसीलाई १२ लाख र अन्य स्थानीय तहलाई १०/१० लाख उपलब्ध गराइएको छ। साथै विपत् अति जोखिममा परेका दक्षिणकाली नगरपालिका, महालक्ष्मी नगरपालिका र थाक्रे गाउँपालिकालाई थप १०/१० लाख गरी एक करोड ३२ लाख रुपियाँ स्थानीय तह विपत् व्यवस्थापन कोषमा निकासा गरिएको मन्त्रालयका सूचना अधिकारी कार्कीले बताउनुभयो।

उता गत असोजको दोस्रो साता अविरल वर्षापछि आएको बाढीपहिरोमा परी मकवानपुर जिल्लामा १० जनाको मृत्यु र एक अर्ब रुपियाँभन्दा बढीको क्षति पुगेको छ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले स्थानीय तहहरूबाट हालसम्म जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइएको प्रारम्भिक विवरण अनुसार गत असोजको दोस्रो साता आएको बाढीपहिरोबाट कृषिबाली, पशुपन्छी, निजी आवास र सार्वजनिक भौतिक संरचना गरी एक अर्ब ६९ लाख ३५ हजार ७३५ रुपियाँ बराबरको क्षति भएको जनाएको छ।

मकवानपुरमा बाढीपहिरोबाट सबैभन्दा बढी क्षति पुऱ्याएको इन्द्रसरोवर गाउँपालिका, भीमफेदी गाउँपालिका र बकैया गाउँपालिकालाई विपत् सङ्कटग्रस्त स्थानीय तह घोषणा गरिएको छ।

# उपचारका क्रममा कैदीको मृत्यु

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, कात्तिक २२ गते*

सिन्धुली कारागार कार्यालयमा रहेका कैदी छिरेश्वर नगरपालिका-२, धनुषा निवासी ५४ वर्षीय रामनन्दन साह सुडीको मृत्यु भएको छ।

निज कैदीले छाती दुखेको भनेपछि उपचारका लागि बुधबार बेलुका ६ बजे सिन्धुली अस्पतालमा उपचारका लागि ल्याउँदा उपचारका क्रममा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार जिल्ला अदालत धनुषाले मृतक कैदी सुडीलाई लेनदेन तथा बिगो मुद्दामा १८१ दिनको कैद फैसला गरेपछि कैद भुक्तानका लागि गत असार २२ गते सिन्धुली कारागारमा ल्याएर राखिएको थियो।

मृतकको पोस्टमार्टम गरेपछि बिहीबार श्रीमतीले शव बुझेको र घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको सिन्धुलीका प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले जानकारी दिनुभयो।

# चौध विद्यालयमा टिएलसी निर्माण गर्नुपर्ने

**केदार तिमल्सिना**
*बनेपा, कात्तिक २२ गते*

असोज दोस्रो सातामा आएको बाढीपहिरोका कारण विद्यालयमा क्षति पुगेपछि नियमित रूपमा कक्षा सञ्चालन गर्न काभ्रे र सिन्धुपाल्चोकमा अस्थायी सिकाइ केन्द्र (टिएलसी) निर्माण गर्नुपर्ने भएको छ।

सामाजिक विकास कार्यालय काभ्रेपलाञ्चोकको कार्यक्षेत्रमा पर्ने सिन्धुपाल्चोकमा एक र काभ्रेमा १३ गरी १४ वटा टिएलसी निर्माण गर्नुपर्ने भएको हो।

सामाजिक विकास कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख रनमाया फ्याकले बाढीपहिरोका कारण क्षति पुगेको काभ्रेका विद्यालयमध्ये १३ वटा विद्यालयमा नियमित कक्षा सञ्चालनका लागि अस्थायी सिकाइ केन्द्र निर्माण गर्नुपर्ने भएको बताउनुभयो। उहाँले कार्यालयको प्राविधिक टोलीले गरेको अनुगमनका क्रममा काभ्रेपलाञ्चोकका १३ र सिन्धुपाल्चोकको एउटा विद्यालयमा तत्काल टिएलसी निर्माण गर्नुभएकाले प्रदेश शिक्षा विकास निर्देशनालय हेटौँडामा पत्राचार गरिएको बताउनुभयो। कार्यालयका अनुसार काभ्रेको पाँचखाल नगरपालिका-२ को जनजागृति प्रावि, पनौती नगरपालिका-१ को भालचन्द्र मावि, २ को फूलचोकी आधारभूत विद्यालय, १२ को भूमेश्वर आधारभूत विद्यालय, चौरीदेउराली गाउँपालिका-६ को महाकाली मावि र नमोबुद्ध नगरपालिका-२ को जनजागृति आधारभूत विद्यालयमा टिएलसी निर्माण गर्नुपर्ने छ।

यस्तै काभ्रेकै बेथानचोक गाउँपालिका-४ को कालिका मावि, रोसी गाउँपालिका-१ को डुम्बर प्रावि, वडा नं. ३ को भूमेस्थान प्रावि, ७ को अमरनाथ प्रावि, ८ को विद्याविकास प्रावि, देवीश्वरी प्रावि र वडा नं. १० को महाभारत प्राविमा टिएलसी र शौचालय आवश्यक रहेको भन्दै बजेट विनियोजन गर्न निर्देशनालयलाई भनिएको छ। त्यस्तै सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-३ स्थित भूमेश्वर आविमा टिएसली निर्माण गर्नुपर्ने भएको छ।

कार्यालय प्रमुख फ्याकले कार्यालयले टिएसली निर्माणसम्बन्धी निर्णय निर्देशनालयले गर्नुपर्ने बताउनुभयो। बाढीपहिरोबाट काभ्रेका १३ स्थानीय तहमध्ये १२ स्थानीय तहका १७९ वटा विद्यालयमा क्षति भएको प्रारम्भिक तथ्याङ्क छ।

तेमाल गाउँपालिकामा सात, धुलिखेल नगरपालिकामा २९, पनौती नगरपालिकामा १८, पाँचखाल नगरपालिकामा १२, बनेपा नगरपालिकामा चार, भुम्लु गाउँपालिकामा १०, रोसी गाउँपालिकामा १८, बेथानचोक गाउँपालिकामा २६, खानीखोलामा चार, चौरीदेउराली गाउँपालिकामा २८, मण्डनदेउपुर नगरपालिकामा नौ र नमोबुद्ध नगरपालिकामा १४ वटा विद्यालयमा क्षति पुगेको छ। बाढीपहिरोबाट क्षति भएका विद्यालयमध्ये ४२ वटा विद्यालयमध्ये कतिपयको भवन, पर्खाल, खानेपानी, शौचालय, खेलकुद मैदानको पुनर्निर्माण एवं अन्य विद्यालयमा मर्मतसम्भार गर्नुपर्ने देखिएको छ।


# बेदिङका मिङ्मा गिनिज बुकमा

**दोलखा समाचारदाता**
*दोलखा, कात्तिक २२ गते*

हिमआरोहीको गाउँ भनेर चिनिने दोलखाको गौरीशङ्कर गाउँपालिका-९, बेदिङका मिङ्मा ग्याल्जेन शेर्पा विश्वका आठ हजारभन्दा माथिका दर्जनभन्दा बढी हिमाल सफल आरोहण गरी विश्व कीर्तिमानी बन्नुभएको छ। पिता स्व. दोर्जे शेर्पा र माता रिन्जीन डोमा शेर्पाका सुपुत्र मिङ्मा कम उमेरमै विश्वका १४ वटा हिमाल सफल आरोहण गरी गिनिज बुकमा नाम लेखाउनुभएको हो।

उहाँले पहिलो पटक मनासलु सन् २०२२ मा आरोहण गर्नुभएपछि लगातार सन् २०२३ को मे महिनाबाट सुरु गरेर अक्टोबरसम्ममा सगरमाथा, लोत्से, नङ्गा पर्वत, ग्यासर्बुम (पहिलो), ग्यासर्बुम (दोस्रो), ब्रोडलपिक, केटु, धौलागिरि र चोयु नौ वटा हिमालको सफल आरोहण गर्नुभएको हो। त्यसै गरी सन् २०२४ मा अन्नपूर्ण, मकालु, कञ्चनजङ्घा र सिसापाङ चार वटा हिमालको सफल आरोहण गरेको जानकारी दिनुभयो।

उहाँका पिता पनि हिम आरोही गाइडको काम गर्नुहुन्थ्यो। चिसोले हात गुमेपछि छोड्नुभयो। ६४ वर्षको उमेरमा निधन भएको हो। माता रिन्जीन डोमा शेर्पा गाउँ बेदिङमै हुनुहुन्छ। एकै परिवारका मिङ्मा र उहाँकी बहिनीहरू निमादाङ्पु शेर्पा, छिरिङ नङ्ग्या शेर्पा र दावाफुटी शेर्पाले पनि हिमाल आरोहण गरिसक्नुभएको छ। यही क्षेत्रमै लागिरहनुभएको छ। उहाँले ३७ वर्षकै उमेरमा विश्वका उच्च हिमाल आरोहण गरी कीर्तिमानी कायम गरेपछि अब सात वटा महादेशका उच्च हिमाल पनि आरोहण गर्ने तयारीमा रहेको उहाँले जानकारी दिनुभयो।



**कीर्तिमानी हिमआरोही मिङ्मा ग्याल्जेन शेर्पा ।**


Government of Nepal
Ministry of Health and Population
**National Tuberculosis Control Center**
**Thimi, Bhaktapur**

**Invitation for Electronic Bids**

**Date of publication: 8th November 2024**

Invitation for Bids No: The Procurement of mWRD Cartidge (Gene Xpert) 05 NTCC/G/NCB-01/2081-82

1. ***Government of Nepal (GoN)/ Ministry of Health and Population National Tuberculosis Control Center Thimi, Bhaktapur*** invites ***electronic*** bids from eligible bidders for the procurement of mWRD Cartidge (Gene Xpert) ***under national competitive bidding (NCB) procedures specified in Public Procurement Act and Regulations.***
2. *The bidder may submit the bid and offer discounts.* Bidders shall quote for the complete quantity.

| S.No. | Required Item | Unit | Quantity | Bid Security In NRs. |
|---|---|---|---|---|
| 1 | Gene Xpert Cartridge | Piece | 114600 | 5500000.00 |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **National Tuberculosis Control Center Thimi, Bhaktapur** or may visit PPMO egp system www.bolpatra.gov.np/egp.

| For Bid Fee | For Bid Security (If bidder intends to submit bid security in cash) |
|---|---|
| Name of Office: National Tuberculosis Control Centre, Thimi, Bhaktapur, Bid Fee: Rs. 10000.00 (For either one or more slices) Revenue Title No: 14229, Office Code No. 370013301 Account No: 00101000000001001001 Name of Bank: Nepal Bank Limited, Bhaktapur, Nepal | Name of Bank: Nepal Bank Limited, Bhaktapur, Nepal. Name of office: Ko. Le. Ni. Ka., Bhaktapur Account No: 01901000002003000001 Bid security amount is mentioned anove table. |

5. Electronic bids should deposit the cost of bidding document and Bid security as specified below. And also the evidence of bank receipt of bid fee and bid security should be enclosed in bid document.
6. Pre-bid meeting shall be held at National Tuberculosis Control Center Thimi, Bhaktapur at 11:00 Hr 27th November, 2024
7. Electronic bids must be submitted to the office ***National Tuberculosis Control Center Thimi, Bhaktapur*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 hr*** on 8th ***December 2024***. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hr 8th ***December 2024*** at the office of National Tuberculosis Control Center Thimi, Bhaktapur. Bids must be valid for a period of 90 from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs, 55,00,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the NTCC reserves the right to amend and correct the bid at any time.
11. NTCC reserves the right to cancel the bidding process partially or whole at any time without disclosing the reason.
12. Interested firm may find the bid notice by accessing: www.nepalntp.gov.np/pub_cat/tenders



**Nepal Electricity Authority**
**Generation Directorate**
Durbarmarg, Kathmandu, Nepal

**INVITATION FOR NATIONAL COMPETITIVE BIDDING**

**Notice Publication Date : 2081/07/23 (8th November, 2024)**

| S.No. | Name of Power Plant | IFB No. | IFB Name/Job Descriptions |
|---|---|---|---|
| 1 | Kaligandaki 'A' Hydropower Station, Beltari, Syangja (Contact No: 063- 403081) | KGA-2081/82-CT-10 (E-Bid only) | Diversion Dam Spillway No. 1 Structure Maintenance and Rehabilitation Work |

**For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp**



**Nepal Electricity Authority**
**Transmission Directorate**
**Grid Operation Department**
**Notice Publication Date : 2081/07/23**

**Invitation for Bids:**

| S.N. | Tender No./SQ No. | Job Description | Contact Office Name and Adress |
|---|---|---|---|
| 1 | PGD/2081/82-5 (NCB) | Relocation and replacement of Lattice towers by Monopoles at Pokhara. | Pokhara Grid Division, Telephone No. : 061-563577, Email: pokharagrid@nea.org.np |
| 2 | PGD/2081/82-6 (NCB) | Supply, Delivery, Installation, Testing and Commissioning of 12kV VCB Switchgear Panels (Indoor) at Substations Under Pokhara Grid. | |

Eligible Bidders may obtain further information from the Office during Office hour or may visit PPMO Web Portal **www.bolpatra.gov.np/egp**.



**नेपाल सरकार**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**
**बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस समितिको सचिवालय,**
**सिंहदरबार, काठमाडौँ।**

**सम्भाव्य उम्मेदवारको नाम सूचीकृत गर्न आवेदन पेश गर्ने सूचना**

**प्रकाशित मिति : २०८१।०७।२३**

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ उपदफा (१) बमोजिम उच्च स्तरीय बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिका लागि नाम सिफारिस गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१।०७।०२ को निर्णयानुसार गठित ऐनको दफा ३ को उपदफा (३) बमोजिमको सिफारिस समितिले उल्लिखित आयोगको अध्यक्ष तथा सदस्यको नियुक्तिका लागि नाम सिफारिस गर्ने प्रयोजनका लागि निर्धारण गरेको बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनोट प्रक्रिया, २०८१ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि इच्छुक व्यक्तिले सो प्रक्रियाको अनुसूची बमोजिमको ढाँचामा आवेदन फाराम भरी यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौँमा रहेको सिफारिस समितिको सचिवालयमा पेश गर्नुहुन अनुरोध गरिएको छ।

**नोट:** बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनोट प्रक्रिया, २०८१ र सोको अनुसूची बमोजिमको आवेदन फाराम **www.trc.gov.np, www.ciedp.gov.np, www.moljpa.gov.np** बाट डाउनलोड गर्न सकिनेछ।

**सम्पर्क नं. ४२११८७२, ४२११९८७, ९८५१३३००३५, ९८४९१५५०१२, ९८४९६१०७१९**